का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ जेठ २०७९,
बिहीबार
19 May 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १०३ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com

# फेरि होला वाम एकता ?

नेपाली कांग्रेससँगको तालमेल र गठबन्धनमा रहेर स्थानीय तहको चुनावमा अपेक्षित परिणाम ल्याउन नसकिएको निष्कर्ष निकाल्दै नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका शीर्ष नेताहरु वाम एकताको विषयलाई केन्द्रमा राखेर आन्तरिक छलफलमा जुटेका छन् । नेकपा एमालेका नेताहरुले पनि वाम एकताको आवश्यकता देखा परेको बताउन थालेका छन् ।



> केपी ओली प्रवृति रहेसम्म एमालेसँग वाम एकताको कुरा हुन्न । तर, नेपालमा रहेका थुप्रै कम्युनिस्टहरु एकीकृत भएर नेपालको वाम आन्दोलनलाई अगाडि बढाउनुपर्ने छ ।
>
> **माधव नेपाल**
> अध्यक्ष, नेकपा एकीकृत समाजवादी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ जेठ ।

स्थानीय तहको प्रारम्भिक नतिजालाई लिएर कुनै धारणा सार्वजनिक नगरेका नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले मंगलबार बिहान संघीय संसदको अवरोध अन्त्य भएको विषयमा खुसी प्रकट गरे ।

२३ भदौ २०७८ देखि संघीय संसदमा अवरोध गर्दै आएको एमालेले मंगलबारबाट अवरोध अन्त्य गरेको छ । यही विषयलाई जोडेर नेता श्रेष्ठले एमालेले विवेक प्रयोग गरेको भन्दै वाम एकताको विषय कोट्याएका छन् । र, वाम एकताका लागि सोच्न आग्रह समेत गरेका छन् ।

'अन्ततः एमालेले लामो निरर्थक संसद अवरोध अन्त्य गर्‍यो । राष्ट्र, लोकतन्त्र र स्वयं एमालेको निम्ति पनि यसो गर्नैपर्थ्यो । ढिलै भए पनि विवेकले काम गर्‍यो । राम्रो गर्‍यो,' उनले लेखेका छन्, ' एमालेले यसरी नै विवेक प्रयोग गरेर समग्रतामा गम्भीर आत्मसमीक्षा गर्न सक्यो भने देश, जनता र वाम आन्दोलनको हितमा हुनेछ, सोचौं ।'



> कम्युनिस्टबाट कांग्रेसमा भोट जाने कांग्रेसबाट कम्युनिस्टलाई भोट नआउने प्रवृति दोहोरिएर देखा परयो । यसले कांग्रेस कम्युनिस्ट तालमेलका लागि समस्या देखिएकै छ ।
>
> **नारायण काजी श्रेष्ठ**
> नेता, नेकपा माओवादी केन्द्र

२०७४ सालको स्थानीय चुनावमा एमाले र माओवादी केन्द्रले तालमेल गरेका थिए । पछि प्रदेश र संघीय चुनावमा वाम एकता भनेर नेकपा एमाले र माओवादी केन्द्रले एक भएर चुनाव लडेका थिए । पछि पार्टी एकता भएर पनि तीन वटा पार्टीमा विभाजित भैसकेको छ । बाम एकताबाट बनेको नेकपा फुटेर बनेका तीन वटै पार्टीले स्थानीय तहको चुनावमा भाग लिएर आफ्नो हैसियत अनुसार जनमत समेत प्राप्त गरिसकेको छन् । यो बेला फेरि नेपाली राजनीतिमा वाम एकताको चर्चा हुन थालेको छ । वाम एकताको चर्चा भैरहेका बेला नेता श्रेष्ठले सोचौं भनेर आग्रह नै गरेपछि यो बहसले थप माहोल बनाएको छ ।

नेता श्रेष्ठलाई उक्त स्टटास् पछि वाम एकताको आवश्यकता महसुस भएको हो ? भनेर सोधिएको प्रश्नमा उनले जहिले पनि वाम एकताको महसुस भैरहने बताए ।

'वामहरु छरिएर रहनुहुन्न भन्ने विषय सबै कम्युष्टिलाई परेकै छ । यसकारण वाम एकता महसुस गर्ने विषय होइन एकताका लागि तयार रहने हो' नेता श्रेष्ठले भने । माओवादी केन्द्र एमालेसँग फेरि वाम एकता भनेर एक्ता गर्न तयार छ ? भन्ने प्रश्नमा उनी त्यसका लागि एमाले र एमाले नेतृत्वमा भर पर्ने बताए । 'एमालेले विगतमा गल्ति भएको भनेर महसुस गर्‍यो, गम्भिर आत्मसमिक्षा गर्‍यो भने माओवादी वाम एकताका लागि जहिल्यै तयार छ ।'



> पार्टी फुटको असर एमालेलाई परेकै छ । यो अवस्थामा फुटेका साथीहरुलाई चित्त दुखाउने गरी जान हुन्न भन्नेमा एमाले पुगेको छ ।
>
> **कृष्ण गोपाल श्रेष्ठ**
> नेता, नेकपा एमाले

चुनावी परिणामले पनि वाम एकताका लागि छलफलको वातावरण तयार गरेको उनको भनाई छ ।

माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीले नेपाली कांग्रेससँग चुनावी तालमेल गरेको भएपनि गरेको तालमेल अनुसार परिणाम आउन नसकेको उनको बुझाई छ ।

नेता श्रेष्ठको विश्लेषण छ, 'पार्टीगत रुपमा हामी समिक्षा गरौंला कति आउन सक्थ्यो कति आयो र यसबाट कति उत्साहित हुने भनेर । तर, कम्युनिस्टबाट कांग्रेसमा भोट जाने कांग्रेसबाट कम्युनिस्टलाई भोट नआउने प्रवृति दोहोरिएर देखा पर्‍यो । यसले कांग्रेस कम्युनिस्ट तालमेलका लागि त समस्या देखिएकै छ ।'

नेकपा एकीकृत समाजवादीले पनि गठबन्धन गर्दा कांग्रेसलाई मात्रै फाइदा भएको निष्कर्ष निकालेको छ । एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पनि वाम एकताको संकेत गरेका छन् । तर, नेता नेपाल एमाले बिनाको बाम एकताको पक्षमा देखिएका छन् ।

'केपी ओली प्रवृति रहेसम्म एमालेसँग वाम एकताको कुरा हुन्न । तर, नेपालमा हामी थुप्रै कम्युनिस्टहरु छौं सबै एकीकृत गर्नुपर्ने र नेपालको बाम आन्दोलनलाई एकीकृत गर्नुपर्ने नै छ' नेता नेपाल भन्छन् ।

नेकपा एकीकृत समाजवादी गठबन्धनकै विषयमा आन्तरिक छलफलमा जुटेको छ । स्थानीय तहको चुनावमा अपेक्षित परिणाम ल्याउन नसकेपछि आगामी प्रदेश र संघीय चुनावमा जाने रणनीतिमा एकीकृत समाजवादी जुटेको हो । नेताहरुका अनुसार साना कम्युनिस्ट पार्टीहरुसँग सहकार्य र एकता अगाडि बढाउने, संगठन विस्तारलाई तिव्रता दिने विषयमा नेताहरु केन्द्रीत भएका छन् । यत्ति मात्रैले प्रदेश र संघीय चुनावमा पार्टीलाई बलियो बनाउन अप्ठ्यारो हुने भएकाले गठबन्धनमा रहने तर, गठबन्धन रहँदा कस्तो व्यवहार गर्ने भन्नेमा धारणा र रणनीति तय गर्न नेताहरु आन्तरिक छलफलमा जुटेका हुन् । नेकपा एमालेका नेताहरुले पनि वाम एकताको आवश्यकता देखा

– बाँकी पृष्ठ २ मा

प्रारम्भिक परिणाम

# माओवादी केन्द्रको हैसियत यथावत




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ जेठ ।

स्थानीय चुनावमा नतिजाले नेकपा माओवादी केन्द्र तेस्रो स्थानमा यथावत रहने देखिएको छ । २०७४ सालको स्थानीय तहको चुनावमा माओवादी केन्द्रले १०६ स्थानीय तह प्रमुख जितेर तेस्रो स्थान हासिल गरेको थियो । यो पटक सोही वरपर रहने अवस्था देखा परेको छ ।

तर, माओवादी केन्द्रको पक्षमा जनमत घेटेको चर्चापछि हच्किएको माओवादी केन्द्रले अहिले चुनावी नतिजालाई स्वभाविक भनेर खुसी व्यक्त गरेको छ ।

> माओवादी केन्द्रको पक्षमा जनमत घेटेको चर्चापछि हच्किएको माओवादी केन्द्रले अहिले चुनावी नतिजालाई स्वभाविक भनेर खुसी व्यक्त गरेको छ ।

माओवादी केन्द्रका नेता वर्षमान पुन पनि स्थानीय तहको परिणाम उत्साजनका नै भएको बताउँछन् ।

'हाम्रो पार्टीको तर्फबाट भन्दा उत्साहजनक छ। धेरै मान्छेले हाम्रो पार्टीलाई हेप्थे। हामी निर्णायक शक्ति हौं भनेर हामीले स्थापित गरिदियौं', ' हाम्रो एजेण्डा देशमा स्थापित छ। त्यो एजेण्डा जनताले रूचाएको छ भन्ने कुरा पुष्टि भएको छ' नेकपा माओवादी केन्द्रका नेता पुनले भने । माओवादी केन्द्रले स्थानीय चुनावमा पाँच दलीय गठबन्धनसँग मात्रै नभएर नेकपा एमालेसँग पनि विभिन्न स्थानमा तालमेल गरेको थियो ।

'अहिले खासमा त २५ प्रतिशत मात्रै हो गठबन्धन गरेको हो, त्यसैले हामीले यसलाई यही कारणले हारेको वा यही कारणले जितिएको भन्न मिल्दैन । पार्टीहरुका आ-आफ्ना स्ट्रेन्थहरु छन् । आ-आफ्ना संगठनहरु छन् । आ-आफ्ना एजेण्डाहरु छन् । मुल कुरो पार्टीका आफ्नो शक्ति नै हो । र गठबन्धन एक चौथाइ मात्रै भयो । त्यसमा मुलतः सफल भएको छ,' उनले भने ।

रामबहादुर थापा बादल, लेखराज भट्ट, टोपबहादुर रायमाझी र प्रभु शाह लगायतका नेताहरूले पार्टी छोडेपनि त्यसको प्रभाव भने खासै नपरेको उनको बुझाई छ । हाल माओवादी केन्द्रले १ सयको हाराहारीमा पालिका प्रमुखमा विजय हासिल गरेको छ भने उपप्रमुख सय बढी जितिसकेको छ । त्यसैगरी सयौंको संख्यामा वडासदस्य र अन्य पदहरुमा सफलता हासिल गरेको छ ।

माओवादी केन्द्र सहरी क्षेत्र र नगरपालिकामा कमजोर देखिएपनि आगामी निर्वाचनबाट त्यसका सुधार गर्ने माओवादी केन्द्रका नेता लेखनाथ न्यौपानेले जानरकारी दिए । 'अहिले धेरै ठाउँको परिणाम आउन बाँकी छ। अन्तिमा कुन दलले कहाँ कस्तो अवस्थामा जिते भन्ने कुराले हामीलाई धेरै कुराको शिक्षा दिनेछ र, त्यसले आगामी दिसा पनि प्रष्ट पार्ने छ,' उनले भने ।

२०७४ सालको स्थानीय

– बाँकी पृष्ठ २ मा

# भैरहवाबाट श्रम स्वीकृति नभए जजिराको उडान प्रभावित हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ

जजिरा एयरवेजले उडान शुरूवात गरेको हप्ता दिन नहुँदै सरकारले भैरहवाबाट वैदेशिक रोजगारीको श्रम स्वीकृति दिने व्यवस्था शुरु नगरे गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्न कठिन हुने बताएको छ ।

उक्त विमान कम्पनीले भैरहवास्थित नवनिर्मित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट जेठ २ गतेदेखि व्यावसायिक उडान शुरु गरेको हो । हाल काठमाडौंमा श्रम स्वीकृति भएका व्यक्तिलाई बसबाट भैरहवा लैजाने गरिएको छ ।

बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै नेपालका लागि जजिरा एयरवेजका जनरल सेल्स एजेण्ट (जीएसए) सोसाइटी इन्टरनेशनलका अध्यक्ष रविचन्द्र सिंहले सधैं काठमाडौंबाट भैरहवा यात्रु ओसारेर अन्तर्राष्ट्रिय उडान गर्न आर्थिक दृष्टिकोणले सम्भव नहुने बताए । हाल जजिराले सोमबार, बुधबार र शुक्रबार गरी साताको तीन दिन भैरहवाबाट राति साढे दुई बजे उडान भर्ने तालिका सार्वजनिक गरेको छ ।

जजिराले बुधबार १ सय ३० जना यात्रु मात्रै लिएर उडेको बताएको छ । ७५ हजार रुपैयाँ खर्च गरेर काठमाडौंबाट भैरहवासम्म लगेर उडान शुरु गरेको बताउँदै सिंहले सधैंभरी काठमाडौंबाट यात्रु लगेर उडान गर्न नसकिने बताए ।

भैरहवाबाट अन्तिम श्रम स्वीकृति प्रदान गर्ने विषयमा बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)सँग त्यस विषयमा कुरा भएको भन्दै सिंहले भने, 'मन्त्रीज्यूले तत्कालै भैरहवाबाट श्रम स्विकृति दिने व्यवस्था शुरु गरिने आश्वासन दिनु भएको छ ।' सिंहले भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थलबाट जजिरा एयरवेजको उडान सफल बनाउन १ महिनासम्म काठमाडौंबाट यात्रु लगेर भए पनि उडान गर्न आफूहरु तयार भएको समेत बताए ।

जजिरा एयरवेजका भाइस प्रेसिडेन्ट रविन्द्रन भाराथनले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसहित सरकारी निकायले प्रतिवद्धता अनुसार काम गरे आगामी तीन महिनाभित्र भैरहवाबाट नियमित उडान सहज हुने बताए । नयाँ विमानस्थलमा

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## दुई व्यवसायी प्रतिस्पर्धामै

**काठमाडौं/मस–** वैदेशिक रोजगार पृष्ठभूमिका दुई जना उम्मेदवार दुई स्थानीय तहको प्रमुख पदमा प्रतिस्पर्धा गरिरहेका छन् । इलामको सुर्योदय नगरपालिकाको मेयर पदका उम्मेदवार नेकपा एकीकृत समाजवादी पार्टीको तर्फबाट रनबहादुर राईले अग्रता लिएका छन् । सुर्योदय नगरपालिकाका मेयर रहेका राईले बुधबार रातिसम्म ७ हजार बढी मत र उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका काजीमान कागतेले ६ हजार १ सय बढी मत पाएका छन् ।

त्यस्तै नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संस्थापक अध्यक्ष सरोज कुमार पोखरेल सुनसरीको इनरूवा नगरपालिकाको मेयर पदमा निकटतम प्रतिस्पर्धीको

– बाँकी पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT

**GCD Worldwide Pvt. Ltd.**, a fair & ethical recruitment organization, is opening the vacancy notice for interested candidates on the following positions.

| | | | |
|---|---|---|---|
| 1. | Accountant/Cashier | : | 2 (Male/Female) |
| 2. | Front desk Recruiters | : | 4 (Female) |
| 3. | Documentation staff | : | 15 (Male/Female) |

Salary Negotiable

Qualifications and experiences:
- Age-between 20-28 years
- A very good command of English & communication skills are essential.
- Computer literacy is compulsory. (Proficiency in MS Word, Excel, Outlook, Photoshop etc.)
- Ability to correspond & communicate independently with clients.
- Work experience for accountant with proper knowledge of Tally or accounting package will be an added advantage.
- Manpower experience is preferred
- Eligibility criteria: +2/Bachelor's

To apply please submit your CV on jobsglobal803@yahoo.com

GCD Worldwide Pvt.Ltd
Address: Sinamangal -09, Gairigaun, Kathmandu, Nepal.
Contact No.: 9801399971, 9801399972, 9801399973, 9801399974, 9801399975, 9801399976

मध्यान्ह
www.madhyanhadaily.com
५ जेठ २०७९, बिहिबार
19 May 2022, Thursday

## निर्वाचनका छ दिन:
# एक तिहाई नतिजाको पर्खाइ

**काठमाडौं/मस-** स्थानीय तहको निर्वाचनको परिणाम धमाधम आइरहेको छ। मतदान भएको ६ हुँदासम्म ७ सय ५३ पालिकामध्ये दुई तिहाईको मत परिणाम सार्वजनिक भएको छ। मतदाताहरु बाँकी एक तिहाई स्थानीय तहको परिणाम पर्खीरहेका छन् । निर्वाचन आयोगका अनुसार बुधबार साँझसम्म ४ सय ८५ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको छ।



मुलुकभर ७ सय ५३ पालिकाका लागि ३५ हजार २ सय २१ पद छन्। गत वैशाख ३० गते भएको निर्वाचनमा स्थगन भएका १७ जिल्लाका २८ स्थानीय तहका ४४ मतदानस्थल बाहेकका मत परिणाम प्राप्त भइरहेको छ । मतगणना भइरहेका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली कांग्रेसले ६८ मा जीत हासिल गरी ७४ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले ३८ स्थानमा जीत हासिल गरी ३९ स्थानमा अग्रता कायम गरेको छ।

यस्तै नेकपा (माओवादी केन्द्र)ले प्रमुख पदमा १४ स्थानमा जीत र नौ स्थानमा अग्रता कायम गरेको छ। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सो पदमा तीन स्थानमा जीत र आठ स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले सात स्थानमा विजय हासिल गरी २६ स्थानमा अग्रता कायम गरेका छन् ।

मतगणना भइरहेका नगरपालिकामध्ये उपप्रमुख पदमा कांग्रेसले ५७ स्थानमा जीत हासिल गरी ४० स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ४५ स्थानमा जीत हासिल गरी ६० स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपप्रमुख पदमा २१ स्थानमा जीत र ११ स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले सो पदमा पाँच स्थानमा जीत र चारमा अग्रता कायम गरेको छ । अन्यले तीन स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन् ।

मतगणना भइरहेका गाउँपालिकाको अध्यक्ष पदमा कांग्रेसले १५० स्थानमा जीत हासिल गरी २९ मा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ९९ स्थानमा जीत हासिल गरी २५ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले अध्यक्ष पदमा ८१ स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले १० स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ । अन्यले १५ स्थानमा विजय हासिल गरी १२ मा अग्रता कायम गरेका छन् ।

मतगणना भइरहेका गाउँपालिकाको उपाध्यक्ष पदमा कांग्रेसले १४५ स्थानमा जीत हासिल गरी ३४ मा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ९७ स्थानमा जीत हासिल गरी २७ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपाध्यक्षमा ८१ स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। एकीकृत समाजवादीले १० स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ । अन्यले १३ स्थानमा विजय हासिल गरी ११ स्थानमा अग्रता कायम गरेका छन् ।

मतगणना भइरहेका स्थानीय तहका वडाध्यक्षमा कांग्रेसले दुई हजार ८० मा जीत हासिल गरी ६१ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ६०९ मा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडाध्यक्षमा ८७९ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जीत र १२ मा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले ४३७ स्थानमा विजय हासिल गरी १२ स्थानमा अग्रता कायम गरेका छन् ।

महिला सदस्यमा कांग्रेसले दुई हजार ४६ मा जीत हासिल गरी ५९ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ७४५ स्थानमा जीत हासिल गरी ८३ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले महिला सदस्यमा ८१८ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा १७० स्थानमा जीत र १२ स्थानमा अग्रता कायम गरेको छ । अन्यले ३९२ स्थानमा विजय हासिल गरी नौ स्थानमा अग्रता कायम गरेका छन् ।

दलित महिला सदस्यमा कांग्रेसले एक हजार ९८२ मा जीत हासिल गरी ६३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ७२७ स्थानमा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले दलित महिला सदस्यमा ८२५ स्थानमा जीत र १४ स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जित र १४ स्थानमा अग्रता कायम गरेको छ । अन्यले ३७९ स्थानमा विजय हासिल गरी सात स्थानमा अग्रता कायम गरेका छन् । यस्तै वडा सदस्यमा कांग्रेसले चार हजार १११ मा जीत हासिल गरी ६६ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले तीन हजार ५४५ स्थानमा जीत हासिल गरी ८६ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले वडा सदस्यमा एक हजार ५१८ स्थानमा जीत र १५ मा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ३३९ स्थानमा जित र १३ स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले ८०४ स्थानमा विजय हासिल गरी पाँच स्थानमा अग्रता कायम गरेका छन् । विसं २०७४ मा पहिलो चरणमा भएको स्थानीय तहको निर्वाचनका आधारमा यही जेठ ५ गते स्थानीय सरकारका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ ।

# सोलुदुधकुण्डमा कांग्रेसका नाम्गेल जाङ्बु र गान्धिमाया विजयी



**सल्लेरी/मस-** सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिकामा नेपाली कांग्रेस विजयी भएको छ । नगरपालिकाको प्रमुखमा कांग्रेस जिल्ला सभापतिसमेत रहेका नाम्गेल जाङ्बु शेर्पा दोहोरिएका छन् ।

उनी नेकपा एमालेका उम्मेदवार आङकाजि शेर्पालाइ ५ सय ७८ मतले पछि पार्दै निर्वाचित बनेका हुन् । उनले ४ हजार ९ सय ६८ प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका आङकाजिले ४ हजार ३ सय ९० मत प्राप्त गरेका थिए ।

यस्तै नगरपालिकाको उपप्रमुखमा कांग्रेसकै गान्धिमाया तामाङ विजयी भएकी छिन्। उनले ४ हजार ६ सय ६७ मत प्राप्त गर्दा उनकी निकटतम प्रतिस्पर्धी एमाले मोहनकुमारी कार्कीले ४ हजार १७ मत प्राप्त गरेकी छिन्। ११ वटा वडा रहेको नगरपालिकामा ६ वटा वडामा कांग्रेस, ४ वडामा एमाले र १ वडामा माओवादी केन्द्रका विजयी भएको छ ।

वडा नम्बर १ देखि ११ सम्म क्रमशः एमालेका छोङवा शेर्पा, कांग्रेसका ङवाङ ठिले शेर्पा, कांग्रेसका ल्हाक्पा गेलु शेर्पा, एमालेका युवास तामाङ, एमालेका मिङमार तामाङ, कांग्रेसका फुर्वा ग्याल्जेन शेर्पा, कांग्रेसका सोनाम ग्याल्जेन शेर्पा, एमालेका पासाङ कटुवाल, माओवादीका धनराज तामाङ, कांग्रेसका होमबहादुर मगर र कांग्रेसका टंक कार्की विजयी बनेका छन् ।

# स्वास्थ्यकर्मीलाई कुटपिट गरे तीन वर्ष कैद

**काठमाडौं/मस-** स्वास्थ्य उपचारको विषयलाई लिएर स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कुटपिट गरेमा तीन वर्ष जेल वा तीन लाख रुपैयाँ जरिवानाको व्यवस्था गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले मंगलबार संघीय संसद्को प्रतिनिधि सभामा पेश गरेको 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९' मा उपचारको विषयलाई लिएर चिकित्सक वा स्वास्थ्यकर्मी वा कर्मचारीलाई कुटपिट गरेमा तीन वर्ष कैद वा तीन लाख जरिवानाको व्यवस्था गरिएको छ ।

अध्यादेशमा स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानीनोक्सानी पुऱ्याए तथा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रुपमा चोट पुऱ्याउने काम गरेमा तीन वर्ष कैद वा तीन लाख जरिवाना उल्लेख गरिएको छ । यस्तै स्वास्थ्य संस्थामा आगजनी गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा दुई लाखदेखि पाँच लाख रुपैयाँ जरिवाना अध्यादेशमा तोकिएको छ ।

स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गरेमा, स्वास्थ्य संस्थामा उपचारका लागि आएका वा उपचाररत बिरामीको उपचार गर्ने कार्यमा कुनै किसिमको बाधा पुऱ्याएमा वा स्वास्थ्यकर्मी तथा कर्मचारीलाई हातपात गर्न, कुनै किसिमको धम्की दिन, गालीगलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गरे एक वर्ष कैद वा एक लाख रुपैयाँ जरिवानाको अध्यादेशमा व्यवस्था गरिएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले वैशाख २५ गते प्रमाणीकरण गरेको अध्यादेश मङ्गलबार स्वास्थ्यमन्त्री खतिवडाले प्रतिनिधिसभामा पेश गरेका हुन् । राष्ट्रपतिले जारी गरेको उक्त अध्यादेश राजपत्रमा पनि प्रकाशित भइसकेको छ । उपचारका क्रममा बिरामीको मृत्यु भएपछि मृतकका आफन्तले स्वास्थ्यकर्मीमाथि हातपात तथा कुटपिट गर्ने, स्वास्थ्य संस्थामा आगजनी गर्ने जस्ता गतिविधि हुनथालेपछि सरकारले त्यसलाई नियन्त्रण गर्न सो कानून ल्याएको हो ।

# गृहमन्त्री खाँण र चिनियाँ राजदूत यान्छीबीच भेटवार्ता

**काठमाडौं/मस-** गृहमन्त्री बालकृष्ण खाँणसँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेटवार्ता भएको छ । गृहमन्त्रालयमा भएको भेटमा उनीहरुबीच दुई देशबीचको आपसी सम्बन्ध र सहयोग आदानप्रदानका विषयमा छलफल भएको छ ।

भेटमा गृहमन्त्री खाणले स्थानीय तहको निर्वाचन सम्पन्न गरेर सरकार अब बजेट निर्माणको प्रक्रियामा लागेको बताए । चीनले शान्ति, स्थिरता, विकास र समृद्धिमा अहिलेसम्म निरन्तर गरेको सहयोगका लागि धन्यवाद दिँदै उनले आगामी दिनमा पनि शान्ति, स्थिरता, विकास र समृद्धिमा सहयोगको निरन्तरताप्रति विश्वास व्यक्त गरे । भेटमा राजदूत यान्छीले भर्खरै सम्पन्न स्थानीय तह निर्वाचनका दिन आफू निर्वाचन भइरहेका विभिन्न स्थानमा अवलोकनका लागि गएको र त्यहाँ जनता उत्साहित भएर निर्वाचनमा भाग लिइरहेको देख्दा खुसी लागेको पनि बताइन् । उनले काठमाडौंबाट चीनको कुनमिङमा ३० मेबाट सिधा उडान गर्ने तयारी भएको जानकारी गराएकी थिइन्।

# उमाकुण्ड गाउँपालिका प्रमुखमा फेरि सुनुवार



**रामेछाप/मस-** रामेछापको उमाकुण्ड गाउँपालिकाको प्रमुखमा नेकपा एमालेका शेर बहादुर सुनुवार निर्वाचित बनेका छन् । उनी दोस्रो कार्यकालका लागि पालिका प्रमुखमा निर्वाचित बनेका हुन्। उनी ३ हजार ७ सय २८ मतसहित विजयी बनेका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका जित बहादुर कटुवालले २ हजार १ सय ७२ मत प्राप्त गरेका थिए ।

यस्तै, गाउँपालिकाको उमप्रमुखमा नेपाली कांग्रेसकी सावित्री सुनुवार निर्वाचित बनेकी छिन् । उनी २ हजार ९ सय २२ मत प्राप्त गर्दै विजयी बनेकी हुन् । उनीकी निकटतम प्रतिस्पर्धी एमालेकी गंगा देवी कार्कीले २ हजार ८ सय ३४ मत प्राप्त गरेकी थिइन्।

सात वटा वडा रहेको गाउँपालिकामा वडा नम्बर १ मा एमालेका ङावा तिण्डु शेर्पा, वडा नम्बर २ मा माओवादी केन्द्रका खम्ब ध्वज बस्नेत, वडा नम्बर ३ मा एमालेका गुण कुमार थापा (नविन), वडा नम्बर ४ मा माओवादी केन्द्रका मान बहादुर सुनुवार, वडा नम्बर ५ कुल बहादुर बस्नेत, वडा नम्बर ६ मा कांग्रेसका भरत राज खड्का र वडा नम्बर ७ मा एमालेका रुद्र मणि नेवार निर्वाचित बनेका छन् ।

# बारा र रौतहटसहित थप १५ मतदान केन्द्रमा मतदान सम्पन्न

**काठमाडौं/मस-**गत वैशाख ३० गते स्थगन भई निर्वाचन हुन बाँकीमध्ये विभिन्न जिल्लाका स्थानीय तहका १५ मतदान केन्द्रमा बुधबार शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ । राजनीतिक दल, उम्मेदवार र अन्य पक्षको विवादका कारण स्थगन भएका १७ जिल्ला, २८ स्थानीय तह र ४४ मतदानस्थलका ८५ मतदान केन्द्रमध्ये निर्वाचनको नयाँ मिति तोकिने र निर्वाचन हुने क्रममा आज ती मतदान केन्द्रमा निर्वाचन सम्पन्न भएको हो ।



निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) का अनुसार बुधबार मतदान सम्पन्न भएकामा बारा र रौतहटका मात्रै १३ मतदान केन्द्र रहेका छन् । रौतहटको गरुडा नगरपालिका-७, बौधीमाई नगरपालिका-१, २ र ९, गढीमाई नगरपालिका-३ र ६, यमुनामाई गाउँपालिका-१ र २, देवानी गोनाही नगरपालिका-२, फतुवाविजयपुर नगरपालिका-७, बाराको बाराको पचरौता नगरपालिका-२ र ४, हुम्लाको चङ्खेली गाउँपालिका-२ र तनहुँको व्यास नगरपालिका-४ का एक-एक मतदान केन्द्रमा निर्वाचन सम्पन्न भएको थियो । हुम्लाको चङ्खेलीमा साँझ ५ बजेसम्म मतदान केन्द्रको हातामा प्रवेश गरेका मतदातालाई साँझ अबेरसम्म मतदातमा सहभागी गराइएको थियो ।

स्थगन भएकामध्ये अछामको साँफेबगर नगरपालिका-१३ मा यही जेठ ६ गतेका लागि निर्वाचन तय भएको छ भने उदयपुरको त्रियुगा नगरपालिका-१२ र बाजुराको बूढीगङ्गा नगरपालिका-१ देखि १० सम्म र बूढीनन्दा नगरपालिका-८ मा मतदानबारे निर्णय हुन बाँकी रहेको छ ।

### फेरि...

परेको बताउन थालेका छन् । तर, नेकपा एकीकृत समाजवादीलाई हेर्ने अध्यक्ष केपी शर्मा ओलीको दृष्टिकोण नबदलिएसम्म माधव नेपाल नेतृत्वको पार्टीसँग समेत वाम एकता गर्ने विषयमा एमाले प्रष्ट नहुने नेताहरु बताउँछन् । तथापि, माधव नेपाल नेतृत्वको पार्टीलाई भने एमालेले पार्टी स्वीकार गरेको छ । ९ महिनादेखि माधव नेपाल नेतृत्वको पार्टीको अस्तित्व अस्विकार गर्दै संघीय संसदमा नाराबाजी गर्दै आएको एमालेले स्थानीय तहको प्रारम्भिक चुनाव लगत्तै नेकपा एकीकृत समाजवादीको अस्तित्व स्वीकार गरेको छ । नेकपा एमाले नेता कृष्ण गोपाल श्रेष्ठ एकीकृत समाजवादी पार्टीलाइ आफुहरुले अस्वीकार गरे पनि जनताले स्वीकार गरिसकेपछि मान्नुपर्ने बाध्यता आइपरेको बताउँछन् ।

उनका अनुसार माधव नेपालले आफ्नै पार्टीलाई बलियो बनाउन नसकेपछि एमालेलाइ ठूलो दल हुनबाट रोक्न भूमिका खेले । 'पार्टी फुटको असर एमालेलाई परेकै छ । यो अवस्थामा फुटेका साथीहरुलाई चित्त दुखाउने गरी जान हुन्न भन्नेमा एमाले पुगेको छ' उनले भने । श्रेष्ठका अनुसार पार्टी नै एकता गर्ने विषय तत्काल सम्भव नभएपनि विगतमा फुटेका पार्टीहरु फेरि जुटेको इतिहासलाई हेर्दै फेरि पनि पार्टी एकता गरेर जाने वातावरण बनाउन दायित्व ठूलो दलको हैसियतमा एमालेको लिनका लागि र त्यस अनुसारको अग्रसरता लिनका लागि एमालेले संसदमा जारी रहेको अवरोध खुला गरेको हो ।

### प्रारम्भिक....

चुनावमा पनि आफूहरु तेश्रो भएको र अहिले पनि उही अवस्था भएपनि नतिजामा भने धेरै सुधार भएको नेताहरुको बुझाई छ। गत २०७४ को स्थानीय चुनावमा १०६ वटा पालिकाका प्रमुख/अध्यक्ष जितेर माओवादी तेस्रो शक्ति बनेको थियो।

### भैरहवाबाट...

जोखिम हुन्छ भन्ने थाहा हुँदाहुँदै भैरहवाबाट अन्तर्राष्ट्रिय उडान शुरूवात गरेको बताउँदै भाराथनले यसका लागि सरकारी निकायले भने सहयोग गर्नुपर्ने जिकिर गरे ।

कुवेतबाट जजिराले बेलायत, अष्ट्रिया, दोहा, ओमानलगायतका देशमा उडान गरिरहेकाले भैरहवाबाट सिधै बेलायतलगायतका गन्तव्यका लागि टिकट काट्न सकिने पनि उनले बताए । रातिको समयमा उडान गर्दा स्थानीय यात्रुलाई असहज भएकाले उडान समय परिवर्तन गर्ने विषयमा पनि कम्पनीले गृहकार्य गरिरहेको उनले जानकारी दिए । जजिरा एयरवेजका अतिरिक्त एयर अरेबियाले पनि भैरहवाबाट उडान भर्ने चासो देखाएको भएपनि यात्रुको आवागमनको प्रतीक्षा गरिरहेको बताइएको छ ।

### दुई ...

रुपमा छन्। नेपाली कांग्रेसका केदार भण्डारीले ७ हजार ४ सय बढी मत ल्याउँदा पोखरेलले ६ हजार बढी मत ल्याएका छन् ।

यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान कार्यवाहक अध्यक्ष कमल तामाङ ओखलढुंगा जिल्लाको सुनकोसी गाउँपालिकाको प्रमुखमा र वैदेशिक रोजगार पृष्ठभूमिका पाल्पाको रामपुर नगरपालिकाको मेयर पदका उम्मेदवार रमणबहादुर थापा निर्वाचित भइसकेका छन् । दुबै नेपाली कांग्रेसको तर्फबाट स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनेका थिए । तामाङ जिल्ला कार्यसमिति उपसभापति समेत हुन् ।

**महादेब सा.ब.उ.समुहको काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/२/४**

डडेल्धुराको गन्यापधुरा गाउँपालिका १ मा रहेको महादेब सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादनभई सा.व.स को घाटगद्दीमा राखिएको A ग्रेडको १५५ थानको २६२२.४७ क्यू.फिट काठ ग्रेड B को २४१ को गोलिया थानको २२५७.२५ क्यूफिट काठको जम्मा ३९६ थान गोलीयाको ४८७९.७२ क्यूफिट सल्लाजातको काठ जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ब्यहोरा अबगत गराईन्छ ।

**अध्यक्ष**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०२/०५**

यस कार्यालयमा मिति २०५६/१२/०७ मा दर्ता भएको **प्रा.लि.नं. १२४३१** को **मालिका केवल नेटवर्क प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Kalika Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dhaibung, Rasuwa**
**Bagmati Province, Nepal**

**Re-Invitation for Bids**

**Re-Invitation for Bids for the procurement of supply and installation of Solar Street Light**
**(KRM/NCB/GW/2078-079/1)**
**Second Publication Date : 2079-02-05 (2022-05-19 A.D)**

1. The Kalika Rural Municipality Office, Rasuwa re-invites the sealed bid from the eligible bidders for Supply and Installation of solar street light.

| Contract Id. No | Description | Estimated Amount with VAT | Bid Security | Price of Bid Document | Bid purchase Last Date, Time | Bid Submission Last Date, time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|---|
| KRM/NCB/GW/2078-079/1 | Procurement of supply and installation of Solar Street Light. | 22,50,070 | 55,000 | 3,000 | 2022-06-01, 17:30 | 2022-06-02, 12:00 | 2022-06-02, 13:00 |

2. Eligible bidders should submit the electronic bid through **www.bolpatra.gov.np/egp.**
3. If purchasing, submission and opening date falls on government holiday then next working day shall be considered the last date.
4. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**MANPOWER MIS SOFTWARE "विगत १० वर्ष देखि, ५0+ Clients"**

⇒ Manpower MIS Lite (मध्यम तथा साना संस्थालाई एकदमै सस्तोमा)
⇒ सामान्य स्क्यानरबाट पासपोर्ट Auto entry साथै थम्ब, हस्ताक्षर र क्यामेरालाई पनि support गर्दछ
⇒ Application Form, Bio Data आफै बनाइदिने, १०० औं को एकैचोटि निकाल्न मिल्ने
⇒ 1 Click मा १०० औं कामदारको Documents, Pdf मा Merge गरेर निकाल्न मिल्ने
⇒ Excel/Photoshop/Scanning को सबै Features Software बाटै गर्न मिल्ने
⇒ सबै Countries को Full Processing र Malaysia, Saudi को Visa Form आफै आउने
⇒ १/२ जना Staff ले, Software पूरै Manage गर्न मिल्ने र Trained Staff चाहिएमा दिइने
⇒ विगत १० वर्ष देखि ५0+ वटा Manpower मा चलिरहेको ने.वै.रो. संघ द्वारा प्रमाणित

MRP/E-Passport Support गर्दछ, auto SMS जाने RBA/ISO वेबसाइट डिजाइन गरिन्छ

**Trained Staff चाहिएमाः**
नोटः यदि कोहि म्यानपावरमा staff बन्न चाहानु हुन्छ भने, निःशुल्क काम सिकाई, जागिरका लागि तयारी गरिदिन्छौं

**SOFTGRIHA SOLUTIONS PVT. LTD.** 9851168422
www.softgriha.com | Info@softgriha.com 9818516088

**CLIENTS: SOS, IMR, Oxford, Advanced, Aakarshan, Titanic, Wide, Trust, Blue Sky, Vision & Value, AI Secure, Middle East, Kalinchowk, Motherland**

स्थानीय तह निर्वाचन

# यी उम्मेदवार जसले आफन्तलाई नै हराएर

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ४ जेठ



स्थानीय तह निर्वाचनको मतगणनाको परिणाम आउनेक्रम जारी छ । बुधबार साँझ ८ बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्टि भएअनुसार ४८५ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको छ ।

स्थानीय तहको मतगणनाको परिणाम आउने क्रम जारी रहँदा थुप्रै आफन्तले आफन्तलाई हराउँदै निर्वाचित भएका छन् ।

भक्तपुर मध्यपुर थिमी नगरपालिकाका मदनसुन्दर श्रेष्ठलाई जेठान सुरेन्द्र श्रेष्ठले हराएका छन् । कांग्रेसबाट मेयरको उम्मेदवार बनेका सुरेन्द्रले एमालेबाट उम्मेदवार बनेका मदनसुन्दरलाई ४ हजार ६३ मतान्तरले पराजित गरे ।

सुरेन्द्रले १५ हजार ९८ मत ल्याएर विजयी भएका हुन् भने मदनसुन्दरले ११ हजार ३५ मत ल्याएका छन् । सुरेन्द्र मदनसुन्दरका माइलो जेठान हुन् । सुरेन्द्रकी बहिनी सुजाता श्रेष्ठ मदनसुन्दरकी श्रीमती हुन् । जितपछि आफ्ना जेठान सुरेन्द्र सहितको टिमलाई मदनसुन्दरले बधाई तथा शुभकामना दिएका छन् ।

यसैबीच बाजुराको बडिमालिका-२ को वडाअध्यक्षमा पनि ज्वाइँ-जेठानबीच रोचक प्रतिस्पर्धा भएको छ ।

ज्वाइँ डम्बर महतले जेठान गोपाल कार्कीलाई ४ मतले पराजित गरेका छन् । डम्बरको ३१९ मत ल्याए भने गोपालले ३१५ मत ल्याएका छन् । महत नेकपा एमाले र कार्की नेपाली कांग्रेसबाट चुनावी प्रतिस्पर्धा उत्रिएका थिए ।

यसैबीच इलामको रोङ गाउँपालिका-१ को वडाध्यक्षमा दाइले आफ्नै भाइलाई हराए । कांग्रेसका उम्मेदवार मनोहरी खड्का (दाइ)ले एमालेबाट उम्मेदवार बनेका मनकुमार खड्का (भाइ)लाई पराजित गरे ।

मनोहरीले ६ सय १० मत ल्याएर विजयी भए भने मनकुमारले ४ सय ८८ मात्रै मत पाए ।

बाँकेको कोहलपुर नगरपालिका-३ मा पनि दाजुभाइबीच चुनावी भिडन्त भयो । भाइ माधव रिजाल र दाजु तारा केशर रिजालबीचको प्रतिस्पर्धामा माधव निर्वाचित भए ।

नेकपा एमाले उम्मेदवार माधवले माओवादीका उम्मेदवार ताराकेशरलाई ३ सय मतान्तरले पराजित गरे । माधवले १ हजार ३०७ मत प्राप्त गर्दा ताराकेशरले १ हजार ६०७ मत प्राप्त गरे । यस्तै नेपालगञ्ज उपमहानगरपालिका-१ को वडाध्यक्षमा पनि दाजुभाईबीच चुनावी भिडन्त भएको छ । दाईलाई हराउँदै भाइले चुनाव जितेका छन् ।

एमालेबाट उम्मेदवारी दिएका प्रमोद रिजालले ७ सय ८१ मत ल्याए । उनका दाई कांग्रेसका उम्मेदवार विनोद रिजालले ५ सय ८१ मत प्राप्त गरे ।

यसैबीच नुवाकोट विदुर नगरपालिका-८ मा एकै परिवारका तीन सदस्यबीच प्रतिस्पर्धा भएको छ । एकै परिवारका दाजु, भाइ र बहिनीले फरक-फरक पार्टीबाट उम्मेदवारी दिएका थिए ।

दाइ सम्वरबहादुर रिमालले नेकपा एमालेका तर्फबाट र भाइ इश्वरबहादुर रिमालले राप्रपाबाट खुला सदस्यमा उम्मेदवारी दिएका थिए । बहिनी देवकुमारी खड्काले गठबन्धनका तर्फबाट नेपाली कांग्रेसबाट महिला सदस्यमा उम्मेदवारी दिएकी थिइन् । उनीहरूको नतिजा भने आइसकेको छैन ।

यसैबीच अर्घाखाँचीमा आमा छोरी नै विजयी भएका छन् । जिल्लाको मालारानी गाउँपालिका- ३ बाट आमा रेमकला विक र सोही पालिका- ५ बाट उनकी छोरी अनिता विक दलित महिला वडा सदस्यमा विजयी भएका हुन् । उनीहरु आमा छोरी नै एमालेका उमेदवार भएको निर्वाचन कार्यालय अर्घाखाँचीले जनाएको छ ।

# फोहर व्यवस्थापनमा समस्या



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-१२ का स्थानीयवासीको अवरोधका कारण उपत्यकाको फोहर व्यवस्थापनमा पुनः समस्या भएको छ ।

यसअघि काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर व्यवस्थापन गरिँदै आएको नुवाकोटस्थित सिसडोलका स्थानीयवासीको अवरोधका कारण समस्या भएको थियो । अहिले कामपा-१२ का स्थानीयवासीले टेकुस्थित ट्रान्फरस्टेसनमा जम्मा गरिएको फोहरले आफूहरुलाई समस्या भएको भन्दै उक्त स्थानमा फोहर राख्न नदिएपछि काठमाडौंका प्रत्येक चोकमा फोहरको डङ्गुर मात्रै छैन, दुर्गन्धसमेत फैलिएको छ ।

काठमाडौं महानगरपालिकाले पहिलो चरणमा सङ्कलन भएको फोहर टेकुको ट्रान्सफरस्टेसनमा राख्ने र त्यहाँबाट क्रमिकरुपमा ठूला टिपरको प्रयोग गरेर सिसडोल लाने गरिएको छ । लामो समयसम्म टेकुमा फोहर राख्दा अत्यधिक दुर्गन्ध फैलिएर समस्या भएको भन्दै स्थानीयवासीले तीन दिनदेखि अवरोध गरेका हुन् ।

यो समस्या समाधानका लागि कामपा वातावरण विभाग र वडा १२ का स्थानीयवासीका प्रतिनिधिबीच छलफल भइरहेको कामपा वातावरण विभागका प्रमुख सरिता राईले जानकारी दिइन् । यसअघि पासाङल्हामु राजमार्गअन्तर्गका स्थानीयवासीको निरन्तरको अवरोधपछि समय समयमा फोहर व्यवस्थापनमा समस्या हुँदै आएको छ ।

उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत फोहर सिसडोलमा व्यवस्थापन गरिँदै आएको छ । स्थानीयवासीकै अवरोधका कारण गत फागुन, चैत र वैशाखमा मात्रै ४२ दिन फोहरको व्यवस्थापन हुन सकेको थिएन । नियमित पानी पर्न सुरु भएको र वर्षाको समयमा अन्य समयको भन्दा बढी फोहर निस्कने हुँदा आगामी दिन फोहर व्यवस्थापनका हिसाबले कठिनाइ हुने कामपाको भनाइ छ ।


## UAE मा रोजगार — 1. Saned Facility Management LLC

पुन : विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/०७/०४ चलानी नं. ६०१६५७१४ LT No. 249127

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Baggage Handler/Porter | 19 | 00 | कामका दक्ष | 1100 | ३७,९३५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Teaching Assistant | 00 | 31 | | 1300 | ४३,८८७।- | | | | | | | |
| ३. | Customer Service Agent | 50 | 00 | | 1300 | ४३,८८७।- | | | | | | | |
| ४. | Aircraft Cleaner | 41 | 00 | | 800 | २७,००७।- | | | | | | | |
| ५. | Security Guard | 95 | 50 | | 1600 | ५४,०१५।- | | | | | | | |

2. Skill Force Security Services LLC

पुन : विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/०७/३० चलानी नं. ६०१६७७७१ LT No. 250859

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 100 | 20 | कामका दक्ष | 2000 | ६७,५१९।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७९ जेठ १२ गते (26 May 2022) यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी [illegible]

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
सिनामंगल, (NIC Asia Bank नजिक), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८, ९८१८५१०५३३


# २१ वर्षीय उम्मेदवार गाउँपालिका अध्यक्षमा निर्वाचित



वीरगञ्ज/मस- पर्साको कालिकामाई गाउँपालिकामा पर्सा जिल्लाका उम्मेदवारमध्ये सबैभन्दा कान्छो उम्मेदवार २१ वर्षीय वशिष्टकुमार गुप्ता गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका छन् ।

जनता समाजवादी पार्टीबाट कालिकामाई गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार रहेका गुप्ता आफ्ना प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार अजय पटेललाई ११७ मत अन्तरले पराजित गरी निर्वाचित भएका हुन् ।

यसैगरी कालिकामाई गाउँपालिकामा जनता समाजवादी पार्टीबाट उपाध्यक्षकी उम्मेदवार सहानी खातुनलाई १११ मत अन्तरले पराजित गरी नेपाली कांग्रेसकी राजमतीदेवी बरैनी निर्वाचित भएकी छन् ।

पाँचवटा वडा रहेको उक्त गाउँपालिका तीन वटा वडाध्यक्ष जनता समाजवादी पार्टी (जसपा), एउटामा नेकपा एमाले र एउटामा कांग्रेसले जितेको छ ।


## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/२/५**

यस सा.व.स. बाट संकलित साल चिरान काठ ५५६.७८ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**पुरानोभिर धाराक्यु सामुदायिक वन उपभोक्ता समूह, देवघाट २, तनहुँ**

## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/२/५**

यस सा.व.स. बाट संकलित साल चिरान काठ ९५४.३१ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**थुम्कीडाँडा सामुदायिक वन उपभोक्ता समूह, देवघाट २, तनहुँ**

## Female Staff Required

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Female Staff for the Following post.

- **Office Representative: 2 Female**
  Qualification; 10+2 Passed Salary: 18,000 Above
  Age Limit: 24 to 35 (Good Communication in English)
- **Receptionist: 2 Female**
  Qualification; S.L.C Salary: 12,000 (Age : 23 to 25)

**Note: Experience in related field will be preferred. Freshers can also Apply**

Email:ssgroupofm17@gmail.com

श्रम इजाजत नं. ११००/०७३/०७४

**S.S. Group of Management Pvt. Ltd.**
Call between 10 Am to 5 pm.
Contact: 9851002881, 9843193397
Tel: 01-5104681, 01-5104682, Tinkune, Kathmandu.


# कोहलपुर नगरपालिका ४ मा कांग्रेसको प्यानल विजयी

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ४ जेठ



कोहलपुर नगरपालिका वडा नम्बर ४ मा नेपाली कांग्रेसको प्यानल विजयी भएको छ । कांग्रेसका वडा अध्यक्ष मुबारक अलि गुजरसहित उनको प्यानाल नै विजयी भएको हो । निर्वाचित गुजरले जम्मा खसेको १६५१ मतमा ५३१ मत ल्याएर विजयी भएका हुन भने उनका प्रतिद्वन्दी एमालेका उम्मेदवार ३४१ मत ल्याएका छन् । यसैगरी कांग्रेसबाट महिला सदस्यले ५४१ मत, दलित महिला सदस्यले ५३७ मत खुल्ला सदस्यले ५४३ मत र अर्को खुल्ला सदस्यले ५०७ मत ल्याएर प्यानल नै विजयी भएको छ ।


## टिकादत्त ट्रेडिङ कन्सर्नको खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०२/०२ मा दर्ता भएको **प्रा.लि.नं. ३९४९३/०६२/०६३** को **टिकादत्त ट्रेडिङ कन्सर्न प्रा.लि.**को मिति २०७९/०२/०४ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०२/०५**

यस **सि.टी. हेल्थ केयर प्रा.लि** को मिति २०७८/०६/१७ गतेको वार्षिक साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ए.पि. डाइग्नोष्टिक सेन्टर प्रा.लि. (प्रा.लि. नं. २६४६३०)**, कायम गर्ने गरी मिति **२०७८/०६/१९** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# हरियोखर्क अस्पताल अनुगमनमा मुख्यमन्त्री पोखरेल



**पोखरा/मस-** गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बुधबार पोखराको हरियोखर्क अस्पतालको अनुगमन गरेका छन् ।

इन्टरनेसनल नेपाल फेलोसिपद्वारा विसं २००९ सालमा पोखरामा स्थापित यो अस्पतालले हाल विशिष्ट सेवा प्रदान गर्दै आएको छ ।

मुख्यमन्त्री पोखरेलले ७० वर्ष पहिला कुष्ठरोगको उपचारका लागि खुलेको अस्पतालले निरन्तर सेवा प्रदान गर्दै अहिले शारीरिक असक्तता, कानको समस्या, स्पाइनल कर्ड इन्जुरी जस्ता समस्या भएका बिरामीका क्षेत्रमा उल्लेखनीय काम गर्दै आएकोमा धन्यवाद व्यक्त गरे । हरियोखर्क अस्पतालका बारेमा आफूले धेरै पहिलादेखि नै सुनेको भए पनि यसको इतिहास र हाल गर्दै आएका कामका बारेमा स्थलगतरुपमै जानकारी लिन आफू अनुगमनमा आएको उनले सुनाए ।

विभिन्न कारणले स्पाइनल कर्डको समस्या भएका बिरामीका क्षेत्रमा प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउन लागेको सुनाउँदै उनले यसका लागि अस्पतालबाट सुझावको अपेक्षा गरेको उनले सुनाए । प्रदेश सरकार विकास निर्माण मात्र नभएर स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा समेत देखिने गरी काम गर्दै आएको सुनाउँदै उनले आगामी वर्षको बजेटमा समेत यस्ता क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए । उनले भने, 'रगत लिँदा बिरामीका आफन्तले रकम तिर्नु पर्ने अवस्था थियो, हुन त प्राविधिक परीक्षण र अन्यमा खर्च भएको रकम हो त्यो, त्यै पनि अब प्रदेश सरकारले बेहोरिदिने भएको छ ।' मृगौलाको बिरामीको निशुल्क डायलासिस गर्ने बारेमा समेत प्रदेश सरकारले योजना बनाइरहेको मुख्यमन्त्री पोखरेलले सुनाए ।


## साउदीमा रोजगार | कम्पनी : MSTQBL THANY COMPANY GENERAL CONTRACTING

शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७८/०७/२३ चलानी नं.: ६०१६७०६४ LT. No.: 250232 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १२ गते (26 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Sinamangal 9 Tarahal Chock Kathamandu, Nepal | Tel : 01-49863399
Mob. No.: 9810281906, 9808399038, 9803949408, 9851040517
Email: gcdworldwide2@gmail.com

## कतारमा रोजगार | कम्पनी : AL DOHA MAINTENANCE & SERVICE CENTER WLL

शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०२/०४ चलानी नं.: ६०१७९३४४ LT. No.:263160

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ५७,५४५ | | | | | | | |
| 3. | Building Worker | 2 | 0 | | 1000 | ३३,८५० | | | | | | | |

अन्तर्वार्ता पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि. विर्तामोड, झापामा २०७९ जेठ १५ गते (29 May 2022) मा हुनेछ ।
लन्डन होटल धरान रोड, इटहरी, सुनसरीमा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ ।
पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि. रुपन्देही, बुटवलमा २०७९ जेठ १७ गते (31 May 2022) मा हुनेछ ।
पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि. कास्की, पोखरामा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन: ४९८८७५४, ४९८८७५५, Pokhara: 061-553158, 9806544044, 9804102913
Butwal: 071-541534, 9857077872, Birtamod: 023- 534105, 9806091708
Itahari : 9805356540, E-mail : info.pukaragency@gmail.com

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
५ जेठ २०७९, बिहीबार
19 May 2022, Thursday

## सम्पादकीय

# सुध्रिने अवसर

राजधानी शहर रहेको काठमाडौं महानगरमा स्वतन्त्र उम्मेद्वार बोलेन्द्र साहले प्रमुख राजनीतिक दलका उम्मेद्वारहरू पछि पारेपछि राष्ट्रिय राजनीतिको ध्यान तानिएको छ । ०७४ को चुनावबाट प्रमुख शक्ति बनेको नेकपा एमालेले केशव स्थापित र सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले सिर्जना सिंहलाई उम्मेद्वार बनाएको छ । सिंहलाई सत्ता साझेदार पाँच दलको समर्थन छ । अन्य साना दल र स्वतन्त्र उम्मेद्वार पनि चुनावी मैदानमा छन् । तर सवै उम्मेद्वारलाई पछि पार्दै बालेन्द्र साह अगाडि बढेका छन् । उनले पाएको मत दोस्रो र तेस्रो स्थानमा रहेका स्थापित र सिंहको भन्दा धेरै छ । वडामा एमाले र कांग्रेसले जितेपनि बालेनले उत्साहजनक मत पाएपछि नेताहरू भने निराश देखिन्छन् ।

०५४ र ०७४ को चुनाव जितेको एमालेका महासचिव शंकर पोखरेलले बक्तव्य निकालेर धादलीको आरोप लगाएका छन् । तर अन्य स्थानीय तहमा सत्ताको दुरूपयोग गरेर गठबन्धनले धादली गरेको भनेपनि एमालेले बालेनले पाएको मतबारे भने केही बोलेको छैन । बरू अझैपनि जित्ने झिनो आशा राखेको देखिन्छ । एमालेकै जस्तो मनोदशामा गठबन्धनका नेताहरू पनि देखिन्छन् । राजधानी उपत्यकामा मात्रै नभएर धरान, धनगढी र जनकपुर उपमहानगरमा पनि स्वतन्त्र उम्मेद्वारले अग्रता लिएका छन् । धरानमा हर्क साम्पाङ, धनगढीमा गोपाल हमाल र जनकपुरमा मनोज साहले अग्रता लिइरहेका छन् । सात स्थानीय तहमा त स्वतन्त्र उम्मेद्वार निर्वाचित भइसकेका छन् । यसबारे दलहरूसँग चित्तबुझ्दो जवाफ छैन । प्रमुख राजनीतिक दलकै उम्मेद्वारसँग पराजित भएका ठाउँमा भने पार्टीभित्रै घात भएको देखि विपक्षीले मर्यादित तरिकाले मतदाता प्रभावित बनाएको समेत आरोप लगाउने गरेका छन् ।

